# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः ५, श्रावण २३ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका विपन्न सुरक्षित आवास सहयोग कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।४।२२

**प्रस्तावना** : व्यास नगरपालिका भित्र स्थायी बसोबास गर्ने विपन्न वर्गका लागि सुरक्षित आवास सहयोगलाई व्यवस्थित, पारदर्शी बनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) अनुसार व्यास नगर कार्यपालिकाको बैठकबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम “व्यास नगरपालिका विपन्न सुरक्षित आवास सहयोग कार्यविधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले व्यास नगरपालिका विपन्न सुरक्षित आवास सहयोग कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ख) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(घ) “वडा समिति” भन्नाले व्यास नगरपालिका अन्तर्गत रहेका वडाको वडा समिति सम्झनु पर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) “समिति” भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(छ) “विपन्न सुरक्षित आवास” भन्नाले सम्बन्धित वडा समितिको निर्णय अनुसार विपन्न भनी निर्णय गरी सिफारिस गरिएको घर परिवार सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य एवं कार्यविधि

३. **उद्देश्य** : यस कार्यविधिका निम्न उद्देश्यहरु रहेका छन् :

(क) व्यास नगरपालिका भित्रका विपन्नहरुका लागि सुरक्षित आवास व्यवस्थित गर्नु,

(ख) दिगो विकासका लक्ष्यमा गरिबी निवारणमा सहयोग पुऱ्याउनु,

४. **कार्यविधि** : यस कार्यविधि अन्तर्गत सहयोग उपलब्ध गराउँदा निम्न लिखित कार्य प्रकृया पुरा गर्नु पर्नेछ :

(क) व्यास नगरपालिका भित्र बसोबास गर्ने खरको छाना भएका, जीर्ण घर भएका, बाढी पहिरो, हुरी बतासबाट घरबासमा असर परेका वडा समितिबाट विपन्न भनी निर्णय भएका निवेदकलाई यो सुविधा उपलब्ध गराइने छ ।

(ख) विपद्जन्य विपन्न घर आवासको प्रहरी मुचुल्का र अन्यको घरको फोटो आवश्यक हुनेछ ।

(ग) यस सुविधा अन्तर्गत अधिकतम पचास हजार रुपैयाँसम्म वडा समितिको निर्णय सहितको सिफारिस, दफा ५ बमोजिमको समितिको निर्णय समेत भई आएमा कार्यपालिका बैठकबाट सहयोग उपलब्ध गराइने छ ।

(घ) सुरक्षित आवास वा विपद्जन्य सहयोग प्राप्त हुनेलाई यस अन्तर्गत सहयोग उपलब्ध गराइने छैन ।

(ङ) सहयोग रकम दुई किस्तामा उपलब्ध गराइनेछ, जसमा पहिलो किस्ता ६० प्रतिशत र दोस्रो किस्ता ४० प्रतिशत रहनेछ ।

**५. विपन्न सुरक्षित आवास सिफारिस समिति :** सम्बन्धित वडाबाट सिफारिस भई आएका घर परिवारलाई सहयोग उपलब्ध गराउन देहाय बमोजिमको सिफारिस समिति रहनेछ :

(क) संयोजक -उपप्रमुख

(ख) सदस्य -प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य -कार्यपालिका सदस्य मध्येबाट २ जना

(घ) सदस्य -योजना तथा पूर्वाधार विकास शाखा प्रमुख

(ङ) सदस्य -आर्थिक प्रशासन शाखा प्रमुख

(च) सदस्य सचिव -भवन नियमन तथा घर नक्सा पास शाखा प्रमुख

## परिच्छेद ३
## विविध

६. **कार्यविधिमा संशोधन :** यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिबाबाट संशोधन वा परिमार्जन गर्न सकिने छ ।

७. **खारेजी र बचाउ :** यो कार्यविधिको प्रकृतिसँग मिल्ने कुनै सहयोग सम्बन्धी अन्य कार्यविधि रहे भएमा यसै कार्यविधि अन्तर्गत भए गरेको मानिनेछ ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत